प्रतिदिन १६ औं वार्षिकोत्सव

राष्ट्रिय दैनिक

# प्रतिदिन

PRATIDIN NATIONAL DAILY





विज्ञापनको लागि सम्पर्क:
९८०१४५८१८१,९८४२६३४४२६,९८५२६७५३४४ ०२३-५४३८२०



वर्ष-१६ ।। अङ्क : २७४ ॥ २०८१ मंसिर ०९ गते आईतबार (24th Nov 2024 Sunday) **Pratidin** National Daily मूल्य-रु.५/-


# धर्मगुरुको उपस्थितिमा जलेश्वरधाममा महायज्ञ



झापा(प्रस) । पूर्वको पशुपतिनाथले परिचित झापाको अर्जुनधारा जलेश्वर धामले धर्मगुरुहरुलाई बोलाएर अष्टोत्तोरशत् १०८ श्रीमद् भागवत पाठ पारायण तथा हवनात्मक महायज्ञ शुरु गरेको छ । ४२औं बार्षिक अनुष्ठानअन्तर्गत धामले आयोजना गरेको महायज्ञको श्री १००८ स्वामी कालीबाबा र श्रीकृष्ण प्रणामी धर्मका मंगलधाम कालिम्पोङका गादीपति गुरुजी श्री १०८ मोहनप्रियाचार्यले शनिवार संयुक्तरुपमा उद्घाटन गरेका छन् । कार्यक्रममा प्रमुख अतिथि १००८ स्वामी कालीबाबाले अर्जुनधारा जलेश्वरधाम दिव्यस्थल र सिद्धक्षेत्र भएको बताउँदै यहाँ आउन पाउँदा आफूलाई अति गौरव र खुशी लागेको जनाए ।

उनले महाभारतकालीन इतिहास बोकेको अर्जुनधारा जलेश्वरधाम धाम पुण्यभूमि भएको बताउँदै अष्टोत्तोरशत् १०८ श्रीमद् भागवत पाठ पारायण तथा हवनात्मक महायज्ञमा सहभागी भएर पुण्यको भागी बन्न सबैलाई आह्वान गरे ।

उनले नेपाललाई सनातन हिन्दू राष्ट्र कायम गर्न सबै जुट्नुपर्ने बताउँदै आफूहरू हिन्दूराष्ट्र कायम गर्न अन्तिम समयसम्म लडिरहने प्रतिबद्धता जनाए।
त्यस्तै श्री १०८ मोहनप्रियाचार्यले अर्जुनधारा जलेश्वरधामको महत्व पौराणिककालदेखि रहेको बताए। उनले सनातन धर्मको बारेमा धारणा राख्दै हिन्दूराष्ट्र कायम गर्न आग्रहसमेत गरे ।
त्यस्तै श्यामानन्दजी महाराजले नेपाललाई सनातन हिन्दूराष्ट्र कायम गर्नुपर्ने बताए। कार्यक्रममा कोशी प्रदेशका पूर्वमुख्यमन्त्री उद्धव थापा, नेपाल सरकारका पूर्वअर्थमन्त्री महेश आचार्य, अर्जुनधारा नगरपालिकाका नगर प्रमुख बलदेवसिंह गोम्देनले शुभकामना मन्तव्य व्यक्त गरेका थिए।
अर्जुनधारा जलेश्वरधाम समितिका अध्यक्ष नवीन गट्टानीको अध्यक्षतामा भएको कार्यक्रममा अर्जुनधारा संस्कृत गुरुकुलका वटुक छत्रपति गुरागाईंले संस्कृत भाषामा स्वागत मन्तव्य व्यक्त गरेका थिए।
मूल अर्चक अग्नीप्रसाद सिग्देलले धामको इतिहासबारे चर्चा गर्दै बालाचतुर्दशी पर्वको अवसर पारेर धामको ४२औं बार्षिक अनुष्ठानअन्तर्गत अष्टोत्तोरशत् १०८ श्रीमद् भागवत पाठ पारायण तथा हवनात्मक महायज्ञको आयोजना गरिएको बताए।
कार्यक्रम अघि धाम परिसरबाट निस्किएको शोभायात्राले अर्जुनधारा नगर परिक्रमा गरेको थियो।

यसैबीच अर्जुनधारा अतिथि सदनको शिलान्यास गरिएको छ । श्री १००८ स्वामी कालीबाबा र श्री १०८ मोहनप्रियाचार्यले अर्जुनधारा अतिथि सदनको शिलान्यास गरेका थिए।
अर्जुनधारा अतिथि सदन निर्माणका लागि अर्जुनधारा नगरपालिकाको २० लाख र वडाहरूले जनही ५ लाखका दरले ७५ लाख रूपैयाँ दिने बचन दिएको र कोशी प्रदेशका पूर्वमुख्यमन्त्री थापाले कोशी प्रदेशको तर्फबाट ५० लाख रुपैयाँ दिने प्रतिवद्धता जनाएको धामका अध्यक्ष गट्टानीले बताए। नेकपा एमालेकी प्रदेश सांसद सुशीला कार्कीबाट समेत शौचालय निर्माणका लागि पाँच लाख रुपैयाँ प्राप्त भएको उनले जानकारी दिएका छन् ।

# कञ्चनगढधाममा मुख्यमन्त्रीले उद्घाटन गरे महायज्ञ



झापा(प्रस) । पौराणिक महत्व बोकेको झापाको बाह्रदशी-६ कञ्चनगढधाम साधुकुटीमा श्रीमद् देवीभागवत महापुराण धनधान्याचल विराट ज्ञानमहायज्ञ शुरु भएको छ । गौरीशंकर शिवालय गायत्रीस्वरुपाश्रम गुरुकुलमा आयोजित महायज्ञको कोशी प्रदेशका मुख्यमन्त्री हिक्मतकुमार कार्कीले शनिवार उद्घाटन गरेका छन् ।
महायज्ञमा चर्चित कथावाचक इश्वरकृष्णजी महाराजको उपस्थितिमा सन्तोष रामानुजको प्रमुख कथावाचन रहने महायज्ञ आयोजक मूल समितिका संयोजक बेदमणि दाहालले बताए । उनले १०८ शिवलिङ्गसहितको शिवालय निर्माण , कन्चनगढधाम साधुकुटीको विकास र गुरुकुललाई व्यवस्थित गर्ने उद्देश्यले महायज्ञको आयोजना गरिएको जानकारी दिए ।
संस्थाको ३४ औं धार्मिक अनुष्ठान तथा गुरुकुलको १७ औं वार्षिकोत्सवअन्तर्गत बालाचतुर्दशीको अवसर पारेर मंसिर १६ गतेसम्म महायज्ञ सञ्चालन हुने मन्दिरका महासचिव पुष्प भट्टराईले जानकारी दिए । कोशी प्रदेशका मुख्यमन्त्री तथा एमालेका स्थायी कमिटी सदस्य कार्की बाह्रदशीको अन्य कार्यक्रममा पनि सहभागी भएका थिए । उनी वडा नं ६ अन्तर्गतको अपांगता रोकथाम तथा पुनःस्थापना अभियानको समापन कार्यक्रममा सहभागी भए भने वडा नं ५ मा अवस्थित निर्माणाधिन प्रशासकीय भवनको अवलोकन गरेका थिए । त्यस्तै उनले वडा नं ३ कोनाबारीस्थित अदुवा खोलाको काठेपुलको अवस्थाबारे जानकारी लिएका छन् । साथै वडा नं २ मा निर्माण स्थगित बाह्रदशी सामुदायिक अस्पताल,
कुटु बस्तीबाट भानु चोक हुँदै चकचकी बजार जोड्ने सडक , चकचकी बजारबाट सुबास गाउँ, डाँगीबारी बजार हुँदै सिमल चोकसम्मको सडकको पनि उनले निरीक्षण गरेको एमाले बाह्रदशी गाउँ कमिटी अध्यक्ष अनिल सापकोटाले जनाएका छन् ।

# गजुरले चम्कायो सताक्षीधाम मन्दिर

झापा(प्रस) ।महाभारत इतिहाससंग जोडिएको धार्मिक तथा पर्यटकीय हिसाबले निकै महत्वपूर्ण मानिएको झापाको सताक्षीधामस्थित दिगम्बेश्वर महादेवको मन्दिरमा गजुर राखिएपछि चिटिक्क परेको छ । यसअघि छतमुनि मन्दिर थियो । अब गजुरमुनि दिगम्बेश्वर महादेवको मूर्ति भएपछि सताक्षीधाम क्षेत्र उजेलिएको छ । पूर्वपश्चिम राजमार्गको झिलझिलेदेखि उत्तर करिब पाँच किलोमिटरको कालोपत्रे सडक हुँदै जङ्गल छिचोलेपछि सताक्षीधाम पुग्न सकिन्छ ।
सताक्षीधाम मन्दिरको गजुरसँगै सताक्षी नदीको तटीय क्षेत्रमा सताक्षीधारा समेत निर्माण हुँदा धाम क्षेत्रमा यतिबेला सर्वसाधारणको आकर्षण बढेको छ ।प्रसिद्ध धार्मिक स्थल सताक्षीधामको दिगम्बेश्वर महादेवको मन्दिरमा गजुर स्थापना गरिएपछि धामको स्वरूप झन् मनमोहक देखिएको स्थानीय बासिन्दाले बताए । धार्मिक तथा सांस्कृतिक आस्थाको केन्द्र मानिने यो धाममा गजुर राखिएपछि स्थानीय बासिन्दा र भक्तजनहरूमा यतिबेला उत्साह बढेको हो ।
मन्दिरको गजुर सताक्षीधाम धार्मिक तथा पर्यटन विकास समितिका उपाध्यक्ष उदयप्रकाश राईको संयोजकत्वमा निर्माण भएको हो । विभिन्न दाताहरूले दिएको आर्थिक सहयोगका कारण मन्दिरमा गजुर निर्माण भएको राईले बताए ।
मन्दिरमा गजुर राख्न संयोजक आफैंले ३ लाख ५४ हजार २०३ रुपैयाँ प्रदान गरेका छन् । यस्तै सताक्षीधाम धार्मिक तथा पर्यटन विकास



समितिले १ लाख ६५ हजार खर्चेको छ भने गङ्गा माताले १ लाख १५ हजार प्रदान गरेकी थिइन् । सावित्रा कटुवाल माताले १ लाख १११ प्रदान गरेको संयोजक राईले बताए । यस्तै राष्ट्रिय रमणीय आदर्श माध्यमिक विद्यालयका पूर्व प्रधानाध्यापक स्वर्गीय मोतीबहादुर चापागाईको स्मृतिमा एक थान गजुर प्राप्त भएको संयोजक राईले जानकारी दिए ।
गजुर निर्माणका लागि १२ लाख २७ हजार ९९५ रुपैयाँ संकलन भएको थियो । संकलित रकममध्ये ११ लाख ९७ हजार ८४१ खर्च भएको संयोजक राईले बताए । 'यो कार्यक्रमबाट ३० हजार १५४ रुपैयाँ बचेको छ,' उनले भने । सुनजस्तै देखिने पहेलो रङले गजुरलाई सिङगारिएको छ । 'परबाट हेर्दा सुन जस्तै देखिन्छ,' स्थानीय परमानन्द पौडेलले भने । गजुरलगायत मन्दिरको रंगरोकनले सताक्षीधाम क्षेत्रको सौन्दर्यलाई थप निखारेको उनले बताए । 'गजुर मन्दिरको महत्वपूर्ण अंश हो । जसले यसको धार्मिक र सांस्कृतिक महत्वलाई अझ बढाउँछ,' समितिका उपाध्यक्षसमेत रहेका गजुर निर्माण समितिका संयोजक राईले भने 'गजुर राखेपछि यहाँ आउने भक्तजनलाई एक प्रकारको आध्यात्मिक ऊर्जा मिल्ने विश्वास गरिएको छ ।' मन्दिरमा गजुर राखिएपछि मन्दिरको रूप परिवर्तन भएको छ । अहिले हेर्दा निकै आकर्षक र शान्तिपूर्ण देखिन्छ । स्थानीयले भने, ' सताक्षीधामको दिगम्बेश्वर शिवालय मन्दिर हिन्दूहरुको धार्मिक आस्थाको प्रतीक हो ।' गजुर राखिएपछि सताक्षीधाम झन् बढी चम्किलो देखिएको छ । साँझको समयमा गजुरमा परेको प्रकाशको झल्कोले मन्दिरलाई दिव्य रूप प्रदान


❖ बाँकी अन्तिम पृष्ठमा


# चन्द्रगढको पहिचान गुम्ने खतरा


• द्रोण अधिकारी


भद्रपुर । झापा सदरमुकाम चन्द्रगढीस्थित ऐतिहासिक स्थल चन्द्रगढको पुरातात्विक महत्वको बारेमा अनुसन्धान हुन नसक्दा पहिचान गुम्ने देखिएको छ ।
दुई हजार वर्ष पुरानो मौर्यकालीन सभ्यतासंग गाँसिएको भनिएको यस क्षेत्रको प्राचीनताबारे अध्ययन गर्न सरकारले चासो नदिँदा चन्द्रगढको पहिचान छाँयामा पर्दै गएको हो ।



भद्रपुर-बिर्तामोड सडकको देउनिया पुल उत्तरमा रहेको यस क्षेत्रले बिर्तामोड र भद्रपुर नगरपालिकाको सीमासंग जोडिएर आफ्नो अस्तित्व खोजिरहेको छ । यस स्थलको उत्खननूका लागि


❖ बाँकी अन्तिम पृष्ठमा


# मुख्यमन्त्रीलाई तर्साउन शंकास्पद वस्तु



झापा(प्रस)। तर्साउनका लागि कोशी प्रदेशका मुख्यमन्त्री हिक्मतकुमार कार्कीको झापा गौरादहस्थित निवासमा राखिएको शंकास्पद वस्तुलाई नेपाली सेनाले निष्क्रिय पारेको छ ।
अरिदमन गण चारआली व्यारेकबाट गएको डिस्पोजल टोलीले घटनास्थलबाट केही टाढा खेतमा लगेर निष्क्रिय पारेको हो । शंकास्पद वस्तुलाई अरिदमन गणबाट सह-सेनानी शैलेश मल्लको कमाण्डमा १/८ को नफ्री (बीडी टिमसहित) ले शनिवार दिउँसो २:१४ बजे डिस्पोज गरेको हो । उक्त शंकास्पद वस्तुभित्र बालुवा, काटीका टुक्राहरु भेटिएको गणका एक सुरक्षा अधिकारीले बताए । कुनै पनि बिष्फोटक पदार्थ नभेटिएको र उक्त वस्तु होक्स रहेको ती अधिकारीले जानकारी दिए ।
उक्त वस्तु भेटिएको जानकारीपछि अरिदमन गणको टोलीले गएको थियो । गौरादह-३ स्थित मुख्यमन्त्री कार्कीको निवास अघिल्तिर तारले बाँधेको दुईवटा वियरको बोतलमा 'दुर्गा माताकी जय' लेखिएको सानो कागजको चिर्कटो समेत फेला परेको थियो । यसअघि पनि मुख्यमन्त्री कार्कीको घरमा त्यस्तै शंकास्पद वस्तु राखेर तर्साउन खोजिएको थियो ।




# दुर्गा प्रसाईंको गाडीको ठक्करबाट घाइतेको मृत्यु



झापा(प्रस) । साइबर अपराधसम्बन्धी कसुरमा पक्राउ परी प्रहरी हिरासतमा रहेका मेडिकल व्यवसायी दुर्गा प्रसाईं सवार गाडीको ठक्करबाट घाइते स्थानीय फुलेश्वर मेहताको उपचारका क्रममा मृत्यु भएको छ ।
सुनसरी प्रहरीका अनुसार प्रसाईं सवार वागमती प्रदेश ०१-०२८ च ०२०१ नम्बरको गाडीले गत कात्तिक २५ गते कोशी गाउँपालिका-३ स्थित नहर चोकमा दुई वटा मोटरसाइकललाई ठक्कर दिएको थियो । कोशी ब्यारेजतर्फ गइरहेको प्रसाईं सवार गाडीको ठक्करबाट घाइते स्थानीय ६० वर्षीय मेहताको उपचारका क्रममा शुक्रबार मृत्यु भएको हो ।

दुर्घटनालगत्तै दाहिने खुट्टा र हातमा चोट लागेका मेहतालाई उपचारका लागि सप्तकोशी न्युरो अस्पतालमा भर्ना गरिएको थियो । मेहताको स्वास्थ्य अवस्थामा सुधार नआएपछि त्यहाँबाट थप उपचारका लागि नोबेल अस्पताल विराटनगर पठाइएको थियो ।
मृतक मेहताका परिवारजनले भने सप्तकोशी न्युरो अस्पतालको लापरबाहीबाट ज्यान गएको आरोप लगाएका छन् । चिकित्सकको लापरबाहीले बिरामीको ज्यान गएको भन्दै उनीहरूले घटना छानबिनको मागसमेत गरेका छन् ।

# दुई सय ८५ जना कैदीबन्दीलाई जेलबाहिर राखिने

झापा(प्रस) ।संघीय प्रोवेशन तथा प्यारोल बोर्डको बैठकले २८५ जना कैदीबन्दीलाई प्यारोलमा राख्न सिफारिस गरेको छ ।
महान्यायाधिवक्ता रमेश वडालको अध्यक्षतामा भएको बैठकले कारागार व्यवस्थापन विभागबाट फौजदारी कसुर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन २०७४ दफा ३८ बमोजिम असल चालचलन भएका कैदीबन्दीलाई प्यारोलमा राख्न बोर्डसमक्ष प्रस्ताव पेस भएबमोजिम उक्त सिफारिस गरेको हो ।
महान्यायाधिवक्ता कार्यालयका सहन्यायाधिवक्ता सूर्यराज दाहालका अनुसार प्यारोल भनेको असल चालचलन भएका कैदीबन्दीलाई जेल बाहिर बस्न दिइने कानुनी व्यवस्था हो ।
उक्त ऐनअनुसार एक वर्षभन्दा बढी कैद सजाय पाई कैद सजायको दुई तिहाइभन्दा बढी अवधि भुक्तान गरिसकेको र राम्रो आचरण भएको कसुदारलाई प्यारोलमा राख्न सकिने व्यवस्था छ । यो जेल बाहिर स्वतन्त्र समाजमा बस्ने छुट दिन सक्ने व्यवस्था हो तर पूर्णरुपमा स्वतन्त्र भने हुँदैनन् । कसुरदारले तोकेको कैद सजायको दुईतिहाई अवधि भुक्तान गरेपछि बाँकी सजाय असल आचरणमा रही स्वतन्त्र समाजमा बसेर पूरा गर्न पाइन्छ । तर प्यारोलमा छुटेकाहरू पूर्ण रूपमा स्वतन्त्र हुने छैनन् । उक्त ऐनले जन्मकैदको सजाय पाएका, भ्रष्टाचार, जबरजस्ती करणी, मानव बेचबिखन तथा ओसार पसार, सङ्गठित अपराध, सम्पत्ति शुद्धीकरण, यातना वा क्रूर वा अमानवीय व्यवहारसम्बन्धी कसुर, मानवताविरुद्धको अपराध र राज्यविरुद्धको अपराधमा सजाय पाएकाहरूलाई प्यारोलमा राख्न बन्देज लगाएको छ ।



# धरहरा चढ्न स्वदेशीलाई दुई सय शुल्क

झापा(प्रस) । परीक्षणका रूपमा निःशुल्क खुला गरिएको धरहरा चढ्न स्वदेशी नागरिकलाई प्रतिव्यक्ति दुई सय शुल्क तोकिएको छ ।
विशिष्ट संरचना सञ्चालन तथा व्यवस्थापन विकास समिति (गठन) आदेश, २०८१ बमोजिम सार्क राष्ट्रबाट आउने पर्यटकलाई प्रतिव्यक्ति रु पाँच सय र सार्कबाहेक राष्ट्रका पर्यटकलाई प्रतिव्यक्ति रु एक हजार शुल्क निर्धारण गर्न सहरी विकास मन्त्रालयले गत बिहीबार बसेको मन्त्रिपरिषद् बैठकमा प्रस्ताव पेस गरेको थियो ।
उक्त प्रस्ताव स्वीकृत भएसँगै यही मंसिर ९ गतेदेखि धरहरा चढ्दा उल्लेखित शुल्क लाग्ने मन्त्रालयले जनाएको



छ । स्वदेशी नागरिकको हकमा भने विद्यार्थीले, ज्येष्ठ नागरिक, बालबालिका र अपाङ्गता भएका व्यक्तिहरूले धरहरा चढ्दा लाग्ने शुल्कमा ५० प्रतिशत छुट पाउने छन् ।
यस्तै, धरहरामा पार्किङ गर्दा चार पाग्रेलाई प्रतिघण्टा २० र दुई पांग्रेलाई १० तोकिएको छ । यस्तै, धरहरा स्तम्भमा राष्ट्रिय महत्वका विज्ञापन (व्यावसायिक बाहेक) गर्न प्रतिघण्टा पाँच हजार, धरहरा परिसरमा व्यावसायिक भिडियो छायांकन गर्न प्रतिघण्टा पाँच हजार र फोटोग्राफीका लागि प्रतिघण्टा एक हजार शुल्क निर्धारण गरिएको छ ।

# जग्गाको धनीपुर्जा वितरण शुरु



बिर्तामोड(प्रस) । बिर्तामोड नगरपालिका वडा नं २ को साविक चारपाने गा.वि.स.वडा नं-२ देखि ९ सम्मका पुनः नाप नक्सा भएर दर्ता भएका जग्गाहरुको धनीपुर्जा वितरण गर्न थालिएको छ । शुक्रवार एक कार्यक्रमका बीच बिर्तामोड नगरपालिकाकी नगर प्रमुख पवित्रा महतारा प्रसाईले धनीपुर्जा बितरण कार्य शुभारम्भ गरिन् । ७६ वर्षीय देवीप्रसाद सापकोटालाई धनीपुर्जा दिएर उनले बितरण कार्य शुभारम्भ गरेकी हुन् । साविक चारपाने गाविसको जग्गा पुनः नाप नक्सा गरी दर्ता गर्न २ नं नापी टोलीले २०७७ असार १० गतेदेखि काम शुरु गरेको थियो ।
२ नं नापी टोलीले पुनः नाप नक्सा कार्य सम्पन्न गरी हाल साविक गरेका जग्गाहरुको धनी पूर्जा वितरण शुरु गरेको जनाइएको छ ।
२ नं नापी टोलीका प्रमुख सरोजकुमार बि.क.को अध्यक्षता तथा नगर प्रमुख प्रसाईको प्रमुख आतिथ्यमा भएको जग्गाधनी दर्ता प्रमाणपुर्जा वितरण कार्यक्रममा नगर उपप्रमुख नगेन्द्रप्रसाद संग्रौला , नापी कार्यालय चन्द्रगढीका प्रमुख सुनिल आनन्द , विशेष नापी टोली दमकका प्रमुख दिलिपकुमार सिंह , २ नं वडाका वडाध्यक्ष किशोरकुमार पौड्याल, १ नं वडाका वडाध्यक्ष अग्निप्रसाद पाण्डेलगायतले शुभकामना मन्तव्य राखेका थिए । उनीहरुले चन्द्रगढीमा गएर हाल साविक गर्नुपर्दा भन्झटिलो र खर्चिलो हुने भएकाले टोली आएकै बेला आ-आफ्ना जग्गाको हाल साविक गर्न आग्रह गरेका थिए ।
कार्यालयका लेखापाल देवेन्द्र चापागाँईले संचालन गरेको कार्यक्रममा स्वागत मन्तव्य सर्वेक्षक सलबहादुर तामाङले गरेका थिए ।

२ नं नापी टोलीले तीब्र रुपमा कार्य गरिरहेपनि अहिलेसम्म साविक चारपाने गाविसका ३७ प्रतिशत जग्गाधनीहरुले दर्ता गरेको टोली प्रमुख वि.क.ले बताए । उनले लामो समय टोली नरहने भएकाले छिटोभन्दा छिटो आएर आ-आफ्नो जग्गाको हाल साविक गराउन आग्रह गरेका छन् ।

# प्याब्सन बिर्तामोडको अध्यक्षमा सुरेन्द्र खरेल



झापा(प्रस) । निजी तथा आवासीय विद्यालय संगठन (प्याब्सन)को बिर्तामोड अध्यक्षमा सुरेन्द्र खरेल निर्वाचित भएका छन् । शुक्रबार सम्पन्न तेस्रो नगर अधिवेशनबाट खरेल सर्वसम्मत अध्यक्षमा निर्वाचित भएका हुन् । त्यस्तै उपाध्यक्षमा अमृत बस्नेत,सचिवमा दीपाङ्कर मैनाली,सहसचिवमा पुण्यप्रसाद उप्रेती, कोषाध्यक्षमा प्रमिला बजागाईं र सह-कोषाध्यक्षमा दीपक चम्लागाईं चयन भएका छन् ।
त्यसैगरी सदस्यहरूमा रहमत अन्सारी, कुलदीप घिमिरे, सन्देश मल्ल सर्वसम्मत चयन भएका छन् ।प्याब्सन नगर अध्यक्ष उत्तम खनालको अध्यक्षतामा भएको कार्यक्रमको प्रमुख अतिथि प्याब्सनका पूर्व केन्द्रीय सदस्य गुरुभक्त न्यौपाने रहेका थिए । प्याब्सन बिर्तामोड कमिटीको १३ वर्ष नेतृत्व गरेर खनाल विदा भएका हुन् । कार्यक्रमका प्रमुख अतिथि प्याब्सनका पूर्व केन्द्रीय सदस्य न्यौपाने, रामप्रसाद सिटौला, छत्रबहादुर कार्कीलगायतले शुभकामना मन्तव्य राखेका थिए ।प्याब्सन नगर कमिटी सह-सचिव देवेन्द्र हुमागाईंले स्वागत मन्तव्य गरेको कार्यक्रमको सञ्चालन सचिव सुरेन्द्र खरेलले गरेका थिए ।

# भद्रपुरका खरेल गौतमबुद्ध अवार्डमा मनोनित

झापा(प्रस) । सदरमुकाम भद्रपुरमा रहेर नेपाली गीत संगीतको क्षेत्रमा योगदान पुर्‍याइरहेका गायक तथा संगीतकार अर्जुन खरेल दोस्रो गौतम बुद्ध म्युजिक एण्ड फिल्म इन्टरनेशनल अवार्ड २०८१ को उत्कृष्ट पाँचको नोमिनेशनमा परेका छन् ।
भद्रपुर- १० केन्द्रमोड निवासी खरेल एक दशकयता निरन्तर गीत संगीतको क्षेत्रमा क्रियाशील रहेका खरेललाई




बि.एस.के एक्टिभ प्रोडक्सन प्रालिको आयोजनमा भैरहेको दोस्रो गौतम बुद्ध म्युजिक एण्ड फिल्म इन्टरनेशनल अवार्ड २०८१ को उत्कृष्ट पाँच नोमिनेशनको नतिजाअनुसार पूर्वेली मौलिक गीत गायकका रूपमा सार्वजनिक गरिएको हो ।
उत्कृष्ट पूर्वेली मौलिक गीत गायकका रूपमा खरेललाई 'दुई चुल्ठी केश 'गीतका आधारमा छनौट गरिएको जनाइएको छ । उनले आधुनिक, लोक पप र चलचित्रका दर्जनौ उत्कृष्ट गीतमा स्वर तथा संगीत दिइसकेका छन् ।
उत्कृष्ट पाँचमा छनौट भएको सिर्जनालाई सर्वोत्कृष्ट बनाउनका निमित्त धेरैभन्दा धेरै भोट गरेर साथ दिन सकिने व्यवस्था मिलाएको आयोजकको भनाइ छ ।
ई-सेवामा गएर भोटिङ इभेन्टमा क्लिक गरी दोस्रो गौतम बुद्ध म्युजिक एण्ड फिल्म इन्टरनेशनल अवार्डमा पुनः क्लिक गरेर आफूलाई मन परेको सिर्जनाहरूलाई प्रत्यक्ष भोट गर्न सकिने बताइएको छ ।

अवार्डको ग्रान्ड फिनाले भने दुबई शहरमा हुने आयोजक समितिका प्रमुख सूर्य तामाङ (मम्बा) ले जानकारी दिएका छन् ।

### बालबालिकालाई ...

बेचबिखन र निजी सूचना बाहिरिए दुरुपयोग हुने गरेको बताए । अध्यक्ष रघुवंशीले पब्जी, फ्री फायर जस्ता 'गेम' बाट हिंसात्मक कुरा बढी आएर बालबालिकाको दिमागमा असर पर्ने भएकाले त्यसबारे शिक्षक, अभिभावक र बालबालिकालाई प्रशिक्षित गराइने बताए । रघुवंशीका अनुसार टिकटकले १३ वर्षमुनिका बालबालिकाले टिकट अकाउन्ट खोल्न नपाउने, १६ वर्षमुनिकाले दोहोरो कुरा गर्न नमिल्ने र १८ वर्षमुनिका बालबालिकाले टिकटक लाइभ बस्न नपाउने नियम बनाएको छ । घृणायुक्त अभिव्यक्ति टिकटकले एआईमार्फत नियमन गर्दै आएको छ । हाल टिकटकले विश्वभरबाट दैनिक २० लाखभन्दा बढी घृणायुक्त भिडियो हटाउने गरेको छ ।

### चन्द्रगढको...

तीन तहकै सरकारले चासो नदिँदा आन्तरिक तथा बाह्य पर्यटकको नजर समेत पर्न सकिरहेको छैन । पछिल्लो समय रेखदेखको अभावका कारण ऐतिहासिक पहिचान बोकेको चन्द्रगढ झाडीले छोपिएको छ । नाम सुनेर कोही यस स्थानमा आए पनि भेट्टाउन गाह्रो छ ।
उत्खनन् र उचित संरक्षणको पखाईमा रहेको चन्द्रगढलाई नजिकको सरकार मानिएको भद्रपुर नगरपालिकाले समेत चासो नदिएको स्थानीयको गुनासो छ । भद्रपुर नगरपालिका ९ र १० संग सीमा गाँसिएको देउनिया खोलाको छेउमा अवस्थित चन्द्रगढलाई जोगाइराख्न चन्द्रगढी सामुदायिक वन उपभोक्ता समूहले सुरू गरेको भनिएको पहल पनि आर्थिक अभावका कारण प्रभावकारी बन्न सकेको छैन । यसको संरक्षणका लागि भद्रपुर नगरपालिकालाई लिखित र मौखिक रूपमा आग्रह गरेर वन समितिले अवधारणापत्र बुझाएको वर्षौ भइसक्यो । सोही अवधारणापत्रका अनुसार भद्रपुर नगरपालिकामा गुरूयोजना बनाई काम थालिएको भनिए पनि केही टहरा बनाउने कामभन्दा अन्य उपलब्धी हुन सकेको छैन । निर्माण भएका टहरा पनि झार जंगलले पुरिएर हराउने अवस्थामा छन् ।
यो स्थान मौर्यकालीन इतिहाससंग जोडिएको यहाँका अग्रजहरू बताउँछन् । प्रारम्भिक अध्ययन अनुसार विभिन्न १६ वटा थुम, २ वटा पोखरी र बीच-बीचमा अग्लो माटोको बाटोले घेरिएको गोलो आकारको स्थल झापाकै किचकबध धार्मिक स्थलभन्दा पुरानो रहेको विज्ञहरूको दावी थियो । तत्कालीन चन्द्रगढी गाविस २ मा पर्ने ६२ बिगाह जमिनमा श्री ३ चन्द्र शम्शेर आएर सैनिक किल्ला कायम गरी भौतिक रूपमा गढ निर्माण गरेका थिए । त्यहाँ सानो भवन, सिसाको इनारसमेत निर्माण गरिएको अनुमान गरिएको छ । हाल उक्त इनार भग्नावशेषको रूपमा पाइन्छ । यस क्षेत्र वरपर वन फडानी गरी आदिवासी समुदायलाई चन्द्र शम्शेरले नै मानव बस्ती बसाएको स्थानीयको भनाइ छ । पूर्वी दक्षिणी झापाको पहिलो मानव बस्ती पनि यही हुन सक्ने आसपासका बासिन्दाको भनाइ छ । यस स्थानको उत्खनन् नगरी यहाँको प्राचीनताबारे भन्न नसकिने अग्रजहरू बताउँछन् ।
सो स्थानमा स्थानीयको पहलमा लक्ष्मीनारायण मन्दिरको निर्माण गरिएको छ । सो क्षेत्रलाई धार्मिक तथा ऐतिहासक पर्यटकीय स्थलको रूपमा विकास गराउन स्थानीय लागिपरेका भएपनि आर्थिक अभावमा पर्यटकीय क्षेत्र बन्न सकेको छैन । बिहान बेलुका जंगली हात्ती गाउँ छिर्नुअघि जम्मा भएर बस्ने ठाउँका रूपमा परिचित हुँदै गएको चन्द्रगढ वनमाराले ढाकिएको छ ।
चन्द्रगढको महत्वको बारेमा चन्द्रगढी र भद्रपुरबासीलाई नै थाहा नभएको स्थानीय लोकबहादुर कुँवर बताउँछन् । चन्द्रगढको नामबाटै साविक चन्द्रगढी गाविस भएको इतिहास रहेको उनको भनाइ छ । तर अहिले चन्द्रगढी गाविस भद्रपुर नगरमा समायोजन भएपछि चन्द्रगढको अस्तित्वमाथि विस्तारै ग्रहण लाग्न थालेको कुँवरको अनुभव छ । साविक चन्द्रगढी भद्रपुर नगरमा विलय भएपछि अहिले सो इतिहासबारे स्थानीय बासिन्दा अनविज्ञ रहने अवस्था आएको छ । चन्द्रगढी सामुदायिक वन क्षेत्रनजिकै रहेको चन्द्रगढको किल्ला झारजंगलले छोपिएपछि वन समितिले सरसफाईको प्रयास गरेपनि पूर्ण रूपमा सफलता पाउन सकिरहेको छैन । विगतमा चन्द्रगढ किल्लामा कोही भित्र पस्न सक्दैन थियो तर, वन समितिकै पहलमा सरसफाई गर्ने अभियान थालेपछि केही हदसम्म पस्न सकिने अवस्था आएको छ । तर, किल्ला र गढ क्षेत्रको पुरानो पहिचानलाई दृष्यात्मक स्वरूपमा हेर्न सक्ने अवस्था भने बन्न सकेको छैन । करिब १० विगाह क्षेत्रफल ओगोटिएको यस क्षेत्रलाई सरसफाई गर्दा वन समितिले विगतमा एक पटकमा ३ लाख २७ हजार रुपैयाँ खर्च गरेको थियो । तर अहिले पनि सो क्षेत्रको झाडीले ढाकिएको स्वरूपमा परिवर्तन ल्याउन सकिएको छैन ।
चन्द्रगढ पुरानो किल्लाको रूपमा देखिएकाले यसलाई एक पटक उत्खनन् गरे मात्र ऐतिहासिक वा धार्मिक स्थल भनि पुष्टि हुने जानकार हरूको भनाइ छ । स्थानीय सरकारले उत्खनन् गर्न आर्थिक सामर्थ्यले नभ्याउने जनाउने गर्छ । एउटा सानो टुक्राको उत्खनन् गर्दा अहिले १५ देखि १६ लाख रुपैयाँसम्म खर्च लाग्ने जनाइन्छ । नेपालमा रहेको प्रविधिले मात्र उत्खनन् सम्भव नहुने हुँदा पटक-पटक विदेशमा लगेर परीक्षण गर्दा दुई/चार करोड लाग्न सक्ने भएकोले रकम अभावका कारण चन्द्रगढ उत्खननूको पर्खाइमा रहेको छ । अहिलेसम्मको अध्ययन र पुरातत्व विभागको अवलोकन भ्रमणले चन्द्रगढ २ हजार बर्ष पुरानो किल्ला हो, जुन मौर्यकालीन समयसंग जोडिएको हुन सक्छ भन्ने अनुमान भएपनि जंगल र पहाडनजिकै बनाइएको किल्ला कसको हो ? भनेर प्रमाणित भएको छैन । धार्मिक तथा ऐतिहासिक स्थल किचकबधको उत्खननूको बेला पुरातत्व विभागको टोली यहाँ आएको थियो । यसको पहिचानका लागि यस स्थानको संरक्षण गर्दै आएको चन्द्रगढी सामुदायिक वन र भद्रपुर नगरपालिकाले पहल गर्न सके चन्द्रगढको प्राचीन इतिहासको खोजी हुन सक्ने स्थानीयको भनाइ छ ।
झापामा अर्जुनधारा, किचकबध, सताक्षीधाम, विराटपोखरी, समयगढजस्ता ऐतिहासिक एवम् पुरातात्विक महत्व बोकेका धार्मिक स्थलहरू रहेका छन् । केही स्थानमा पुरातत्व विभागले उत्खनन् गरी धार्मिक तथा ऐतिहासिक स्थल भनी प्रमाणित गरिसकेको छ । त्यस्तै इतिहास र पहिचान बोकेको चन्द्रगढ आसपासका बासिन्दाको गाईचरन र हिउँदमा वनभोज खाने ठाउँका रूपमा रहन बाध्य छ ।

### गजुरले...

गर्दछ । यसले धार्मिक पर्यटकीय विकासलाई पनि टेवा पुर्याउने अपेक्षा गरिएको छ ।

२०४१ सालअघि यो मन्दिर थियो । तर माटोको प्रतिमा बनाई केही साधु सन्तले दिगम्बेश्वर महादेवको पूजा आराधना गर्थे । २०४१ सालमा एसपी हर्कध्वज राईले मूर्ति निर्माण गरेपछि स्थायी संरचना निर्माण गरेर दिगम्बेश्वर महादेवको मूर्ति राखिएको मन्दिरकै साधु धर्मप्रसाद कोईरालाले बताए । उनले भने,' म भारतबाट घुम्न यहाँ २०२९ सालमा आएको थिएँ । त्यतिबेला घना जंगल थियो ।' कमेरो माटोको दिगम्बेश्वर महादेवको मूर्ति त्यतिबेलै थियो तर ,यो मूर्ति कसले बनायो भन्ने विषयमा केही नखुलेको उनले बताए ।



पूर्वाञ्चल स्वास्थ्य सहकारी संस्था लि.द्वारा संचालित
मनमोहन मेमोरियल पूर्वाञ्चल क्षेत्रीय सामुदायिक अस्पताल
Manmohan Memorial Eastern Regional Community Hospital
बिर्तामोड-५, झापा

साधारण सभा सम्बन्धी सूचना
प्रथम पटक प्रकाशित २०८१/०८/०८

पूर्वाञ्चल स्वास्थ्य सहकारी संस्था लि. बिर्तामोड झापाको संचालक समितिको मिति २०८१ कार्तिक १० गतेको बैठकको निर्णयानुसार संस्थाको १२ औं साधारण सभा निम्न मिति, समय र स्थानमा सम्पन्न गरिने भएकोले सम्पूर्ण शेयर सदस्य ज्यूहरुलाई उक्त साधारण सभामा सदस्य आफैं अनिवार्य उपस्थित भईदिनुहुन यो सूचना गरिएको छ ।

साधारण सभाको कार्य सूची निम्नानुसार छ :
१. संस्थाको संस्थागत प्रतिवेदन माथि छलफल
२. संस्थाको लेखा सुपरिवेक्षण समितिको वार्षिक प्रतिवेदन माथि छलफल
३. आ.व. २०८०/०८१को संस्थाको लेखा परिक्षण प्रतिवेदन माथि छलफल
४. संस्थाको आ.व. २०८१/०८२ को यथार्थ र आ.व. २०८१/०८२ को अनुमानित बजेटका सम्बन्धमा छलफल
५. आ.व. २०८१/०८२ को लागि संस्थाको लेखापरिक्षक नियुक्ती र पारिश्रमिक सम्बन्धमा ।
६. संचालक समिति र लेखा सुपरिवेक्षण समितिको निर्वाचन बारे ।
७. संस्थाको आन्तरिक कार्यविधि र निर्देशिकाहरु अनुमोदन सम्बन्धमा ।
८. साधारण सभाको निर्णय पुस्तिका प्रमाणित गर्ने प्रतिनिधिहरु चयन गर्ने सम्बन्धमा ।
९. संस्थाको भवन निर्माण प्रयोजनका लागि ऋण तथा अनुदान प्राप्त गर्ने सम्बन्धमा ।

साधारण सभाको कार्यक्रम :
मिति : २०८१/८/२९ गते शनिबार
समय : बिहान १० बजे
स्थान : सिटी सेन्टर, बिर्तामोड, झापा
द्रष्टव्य : थप जानकारीको लागि संस्थाको Website मा हेर्नुहोला ।

# प्रतिदिन अभिव्यक्ति

कविता

## छोरा भएर आँसु झार्न हुन्न !

• नवराज जोशी



अँ साँच्चै,
छोरा मान्छेले रुनु हुँदैन र?
दुःख बाँड्ने, खुसी साट्ने आँसु
के छोरी मान्छेले मात्र बगाउने हो?
सबैले भन्छन्,
छोरा मान्छेले आँसु झार्न हुन्न, मन दरो बनाउनुपर्छ
तर आँखाबाट आँसु के छोरी मान्छेको मात्र झर्छ र?

केटा भएर पनि रुने हो?
कन्या राशि
कस्तो केटी जस्तो
बच्चै हो
भन्दै जिस्काउने एक थरी जमात भएर
हो कि छोरा मान्छे रुन नसकेको!

के छोरा मान्छेभित्र गुम्सिएका भावना हुन्नन् र?
के उसको मनभित्र दबिएका पीडा हुन्नन् र?
छोरी मान्छे रुने ठाउँ माइती हो अरे!
छोरा मान्छेको माइती नै हुँदैन रे
त्यसैले छोरा मान्छे रुने ठाउँ नै हुँदैन हो?
माइती नै हुँदैन भनेर नरुने पो हो कि?

यदि ढुङ्गा माटोले बनेको घर छोरी मान्छेको माइती हो भने
छोरा मान्छेले पौरख भर्ने सारा धर्ती हो उसको माइती
हुर्किएको संस्कार अनि पाएको शिक्षा हो उसको माइती
कर्मथलो, इष्टमित्र, साथीभाइ हुन् उसका माइती
खुला आकाश, हैसियतको खर्पन
आरनमा बलेको आगोको भुङ्गोमा
फलामको डल्लो तात्दा तातेको शरीर हो उसको माइती
त्यसैले के छोरा मान्छे रुन पाउन माइती नै जानुपर्ने हो र?
के छोरा मान्छे रुन क्लब नै खोल्नुपर्ने हो र?

हिजो उसको हालखबर सोध्नेले
आज जब हैसियत सोध्यो
आफन्त अनि साथीभाइले
सन्चो बिसन्चोभन्दा तलब सोधे
त्यति बेला उसलाई लाग्यो कि
आजकल पैसाको किनार भएर जब सम्बन्ध बग्न थाले
त्यति बेला उसका आँखाबाट आँसु बगेनन्, बग्दैनन् पनि
त्यसैले हो छोरा मान्छे रुन नसकेको!

उसलाई रट्टा हान्न लगाइयो
उसको दिमाग धोइयो
मन पखालियो कि छोरा मान्छेले रुनु हुँदैन
त्यसैले बग्न छोडेको होला
उसको आँखाबाट नुनिलो पानी!

ए छोरा मान्छे,
तिम्रा नि होलान् नि है मनमा पीडा
तिमी नि रुन्छौ होला नि है एकान्तमा
तिमीले नि पक्कै बोकेका छौ होला जिम्मेवारीको भारी
बिसाउने चौतारी त खोज्छ होला नि तिम्रो मनले नि
छटपटिन्छौ होला है एक्लै हुँदा
रिसाउँछौ होला आफैसँग
प्रश्न गर्छौ होला जिन्दगीसँग
तर जवाफ पाउँछौ कि पाउँदैनौ?

तिम्रो नि त मन हो पीडामा दुख्छ होला
अनायासै आँसुहरू खस्न खोज्छन् होला
त्यति बेला झसङ्ग याद आउँछ होला
कि छोरा मान्छे रुनु हुँदैन!
अनि आँखामा टिलपिल भई झर्नै लागेका आँसुहरू
कसैले देख्छन् होला कि भनेर लुकाउन खोज्छौ होला
त्यसैले बग्न छोडेको होला तिम्रो आँखाको नुनिलो पानी।

यतिका बाबजुद
तिमी कति बलियो भयौ कसैले देखेन
तिमी कति कमजोर भयौ कसैले सोधेन
हुन त छोरा मान्छेको मन ढुङ्गा हो भन्छन्
कति बेला लाग्छ, हो कि क्या हो
हो, हो छोरा मान्छेको मन ढुङ्गै हो
जुन ढुङ्गामा कुनै कुरा सजिलै लेखिँदैन
जब लेखिन्छ नि, कहिल्यै मेटिँदैन।

# सबैका पति अश्विनीकुमार जस्तै भए पो !



• रामचन्द्र अधिकारी

थानकोट कटेपछि रात्रि बसले बत्ती निभाएको थियो। यात्रुहरू धमाधम सुत्न थाले। कसैले आफूले झोलामा ल्याएका सामग्री झिकेर चपाउन थाले।

बत्ती निभेपछि मेरो सिटको छेउमा बसेका भलाद्मीले झोलामा 'बुक' राखेर आइफोन निकाले। वाइफाईले काम नगरेपछि उनले ७० दशकका हिन्दी गाना लगाएर आइफोन पूर्ववत् पाइन्टको खल्तीमा घुसारे।
'तेरे बिना जिन्दगी से कोही' गाना बज्दा ती भलाद्मीको कानमा ठोसेका दुई वटा 'इयरफोन' मध्ये एउटा माग्न मन लागिरह्यो। तर भलाद्मीसँग माग्ने आँट नै पुगेन। हुन त भलाद्मी सारै पढन्ते मान्छे थिए। भवानी भिक्षुको 'आगत' मात्रै होइन, भलाद्मीसँग 'हरारी' को 'सेपियन्स' होइन, 'नेक्सस' थियो। मलाई भवानी भिक्षुबारे जानकारी नभए पनि हरारी खतरनाक लोकप्रियवादी हुन् भन्ने सम्म थाहा थियो। आफूले 'एमबिबिएस' गर्दाका बुकका ठेली पढिसकेपछि साहित्यिक मन थाकेर त्यसै मुर्जाएको थियो। भलाद्मी फर्मल सर्ट-पाइन्टमा मस्त खुलेका थिए। दारी र जुँगाको 'फ्रेन्च स्टाइल' वाला कटाइको 'कम्बिनेसन' पनि गज्जबकै सुहाएको थियो। बाक्लो कपालमा 'जेल' लगाएर जुल्फी फर्काएका थिए। बसको 'ए' साइडको पाँच नम्बरको झ्यालपट्टिको सिट नयाँ बसपार्कमै साट्ने चाहना पनि मनभित्रै दबाएको थिएँ।

बस थानकोटको ओरालो झर्न थाल्यो। ७० दशकको हिन्दी गाना कानमा लगाएर भलाद्मीले दुवै आँखा चिम्लिए। मेरो बोल्ने चाहनामा पनि तुसारापात लाग्यो। अरू समयमा रात्रि बसमा भेटिएका 'तोर्पे' केटाहरूजस्ता भलाद्मी छँदै थिएनन्। उनलाई सँगैको सिटमा बसेकी पच्चीस वर्षे 'एमबिबिएस' तरुनी डा. सुहानाको कुनै चासो नै थिएन।
नबोल्दै भलाद्मी मन परिगए। तर मन तुरुन्तै हताश भयो। कुरिनटारको आसपास रात्रि बस खाना खुवाउन रोकियो। भलाद्मीले लगातार आकाशतिर चुरोट उडाए र चिया पिए। बसका सहयोगीले 'लौ हे सबै चढ्नुस्' भनेपछि भलाद्मीले पाँचौँ खिल्ली चुरोटको खिल्ली सक्काए र मुखमा 'हेप्पिडेन्ट' चुइगम हाले। उनको चुरोट पिउने 'चेन स्मोकर' वाला बानी फिटिक्कै मन परेन। चुरोट यसरी दनादन पिउनेले कति रक्सी पिउलान्, मन नमज्जैले डरायो।
तर भलाद्मी खुब मन परिसकेका थिए।
'खाना खानु भएन त?' भलाद्मीले कानमा इयरफोन घुसार्नु अगाडि प्रश्न सोझाएँ। भलाद्मीले फिस्स हाँसेर जवाफ टारिदिए। फेरि ठुलो 'भोल्युम'मा ७० दशकका हिन्दी गाना कानमा गुन्जाए।
बसले चितवन पार गऱ्यो।
मैले भलाद्मीको काँधमा टाउको अड्याएँ। भलाद्मी ब्युँझेर मलाई केही भन्लान् भन्ने आस पनि बाँकी रहेन। हुन सक्थ्यो, भलाद्मी पनि भुस्कुट निदाएका थिए।
सार्वजनिक शौचालय नभएको ठाउँमा बस रोकियो। मैले भलाद्मीलाई बोलाएँ। भलाद्मीले आँखा मिच्दै निकै पर पुगेर पिसाब फेरे। पुरानै पारामा चुरोट तानिरहे। फेरि हेप्पिडेन्ट चुइगम मुखमा हाले। ७० दशकको हिन्दी गाना 'तेरे बिना जिया जाए ना' उनको कानबाट बाहिर चुहिरहेको थियो। लोलाएका आँखाहरूले आइफोनमा मिलिक्क समय हेरे, बोटलको पानी पुरै घुट्क्याए। मैले उनको निमित्त भनेर समेत किनेको फ्यान्टाको बोटल पनि दिन सकिनँ। भलाद्मीको निदाएको अनुहार क्या सुन्दर थियो। मेरो मन उनको गालामा 'किस' गर्न आतुर थियो। फेरि उनकै काँधमा टाउको अड्याएँ र ज्यान पनि छोडिदिएँ।
बुटवल नपुग्दै बसका सहयोगीले बुटवल झर्नेहरू तयार रहन निर्देशन दिए।
मैले भलाद्मीलाई उठाएँ अनि आफ्नो मोबाइल हराएको बहानामा उनको आइफोनबाट आफ्नो टुच्च मोबाइलमा दुई रिङ घण्टी हानेँ। म मक्ख परेँ। कम्तीमा भलाद्मीको मोबाइल नम्बर लिन सकेँ। उनी दाङ पुग्ने रहेछन्। बसबाट ओर्लिँदा भलाद्मीतिर हेरिरहेँ। भलाद्मीलाई बिदाइका हात हल्लाएँ। भलाद्मी अलमल्ल परे। म एक हप्ता बसेर पाटन अस्पतालमा ड्युटी जोइन गरेँ। रात्रि बसमा फर्किँदा भलाद्मी के भेटिन्थे? सँगैको सिटमा एउटा अर्को तोर्पे थियो। मलाई भलाद्मीकै याद आइरह्यो। घरमा बिहेको प्रसङ्ग आउँदा समेत तिनै भलाद्मी सम्झिरहेँ। तर भलाद्मीलाई फोन गर्ने हिम्मत जुटाउन सकिरहेको थिइनँ। 'एसएमएस' गरूँ कि भन्ने लागिरह्यो तर सकिनँ। करिब महिना दिन बित्यो। म भलाद्मीकै पछि लागिरहेँ। एउटा त्यही चित्र मेरो मानसपटलमा घुमिरह्यो।
रातको दस बढी बजिसकेको थियो। भलाद्मीको आइफोनमा घण्टी बजाएँ। भलाद्मीले 'हेल्लो भन्नुस् को बोल्नु भएको?' भने पनि मसँग कुनै जवाफ थिएन।
मैले को बोल्नु भएको भन्ने प्रश्नलाई बेवास्ता गर्दै अर्को प्रश्न गरेँ- 'सन्चै हुनुहुन्छ?' तर फोन कट्यो वा भलाद्मीले काटिदिए।
प्रेममा परेकाहरू पागल हुन्छन् भन्ने उपरि गाथा आफैले भोगेँ। भलाद्मीलाई 'एसएमएस'मा संक्षिप्त हाम्रो यात्राको कहानी र आफू प्रेममा परेको जानकारी समेत गराएँ। भलाद्मीले उल्टो निराशावादी जवाफ पठाए- 'म के गर्न सक्छु र?'
पाटन अस्पतालका बेडमा भर्ना भएका बिरामीहरू धमाधम डिस्चार्ज भए नि आफू भने भलाद्मीको प्रेममा क्रमशः पागल हुँदै गएँ। यहाँ उल्टो हुँदै थियो। केटी केटालाई फकाउँदै थिई। निरन्तरका 'एसएमएस'ले भलाद्मी एक पटक मसँग भेट्न राजी भए। दाङको घोराहीमा सरकारी स्कुलको माध्यमिक तहमा सामाजिक शिक्षा पढाउने सरकारी शिक्षक थिए,अश्विनीकुमार सर। पहिलो भेटले हामी नजिकियौँ।
अश्विनीकुमार सरको पनि फोन आउँथ्यो। यस पटक म अश्विनीकुमार सरलाई भेट्न दाङ पुगेँ। अश्विनी सरको अनुमति लिएर मैले घरमा विवाहको प्रस्ताव राखेँ। म गलत रहेछु। मेरो प्रस्ताव बुबाले ठाडै अस्वीकार गर्दिनु भयो। आमा पनि असहमत हुनुभयो।
'जाबो मास्टरलाई बिहे गर्न छोरीलाई डा. सुहाना बनाएको होइन।'
सबै कुरा अश्विनीकुमार सरलाई बताएँ। उनी मौन बसिरहे। मैले 'बोल्ड' निर्णय गरेँ।
अश्विनी सर र मैले कोटेश्वरको महादेवस्थानका महादेवलाई साक्षी राखेर 'सिङ्गल लाइफ' त्याग्यौँ।
अश्विनी सरलाई मुस्किलले चुरोटको लत छुटाउँदै छु। हिजोआज म त्यही भलाद्मीलाई आफैसँग पाउँछु। एक दिन बिदा हुँदा पनि हुत्तिएर दाङ नै पुग्छु। स्कुल समय सकेपछि उनी 'किताब' र 'लेखनी'मा व्यस्त हुन्छन्। कालो कफी अत्यधिक पिउँछन्। म नहुँदा चुरोट सल्काइहाल्छन्।
उनले मलाई भित्रैबाट मन पराएको आफ्नी आमालाई बताएछन्। म औधी खुसी भएको छु। म आश्विनीकुमार सरकी हुन पाएकोमा गौरवान्वित छु। अश्विनी सरसँग बहस गर्नकै निमित्त म पनि अत्यधिक साहित्य पढ्दै छु। अश्विनी सर हिजोआज बढी लेख्छन्।
उनीसँग दोहोरो संवाद हुन कठिन छ। मलाई अनौठो लागिरहेको छ। मलाई आमा बन्ने इच्छा अश्विनीकुमार सरसँग राख्दा उनले भने- 'डा सुहाना, तिमी इच्छा पूरा गर्न सक्छौ।' म आफू स्वतन्त्र भएर जिन्दगी बाँचिरहेको छु। अहिले पेटमा सानो अश्विनीकुमार बोकेर हिँडिरहेको छु। तर ठुलो अश्विनीकुमार पनि मलाई अबोध बालखजस्तै लागिरहन्छ।
सबैका पति अश्विनीकुमार जस्तै भए पो!

# दुई चिम्टी सिन्दूर !



• अनुष्का धामी

उसको मेरो प्रत्यक्ष भेटपछि हामी एक अर्कासँग नजिक हुन पुग्यौँ। साथीबाट अगाडि बढेको हाम्रो सम्बन्ध साथी भन्दा भन्दै कति बेला माथि पुगेछौँ पत्तै पाइनँ। हामी दुइटै आ-आफ्नो काममा व्यस्त हुन्थ्यौँ तर पनि एक अर्कालाई समय दिइरहेका थियौँ।

मलाई थाहा छैन म उसको नजिक हुँदा उसलाई कस्तो महसुस हुन्थ्यो तर ऊ मेरो नजिक हुँदा मुटुको धड्कन बढेर आउँथ्यो। हुन त हामी दुईको जीवनमा योभन्दा अगाडि अरू नजोडिएको भने होइन। तर उसको लागि जे मेरो मनमा थियो, त्यो अरू कसैको लागि कहिल्यै भएन।

प्रेम अनि धोकादेखि धेरै डराउने म, यो पटक प्रेममा मज्जाले रमाइरहेकी थिएँ। कुनै दिन प्रेम केवल मेरो लागि समयको बरबादी थियो र समय छैन भन्दै मेरो विगतलाई टाढा गरेको थिएँ। तर यो पटक म साँच्चिकै प्रेममा परेछु। न कुनै बहाना न अरूको चाहना। र चाहना होस् पनि कसरी? उसले दिएको माया नै अनमोल थियो, ऊ मान्छे एउटा तर फरक फरक तरिकाले माया देखाउँथ्यो। ऊसँगको भेटपछि म आफूलाई पूर्ण भएको महसुस गर्थें।

उसलाई मेरो हाँसो खुब मन पर्थ्यो। भन्ने गर्थ्यो, 'तिमी सधैँ यसरी नै हाँसिराख्नू ल?'

म उसको लागि मनमा पीडा नै भए पनि हाँसिदिन्थेँ। ऊ मेरो मुहारमा खुसी ल्याउन हद पार गर्थ्यो। उसलाई मेरो दुःख हेर्ने हिम्मत कहिले भएन।

जब जब मलाई विभिन्न समस्याहरू आउँथे, तब संसार भासिए जस्तै लाग्थ्यो। तर जब उसलाई आफ्नो अगाडि पाउँथेँ फेरि हिम्मत आउँथ्यो। उसको त्यो अंगालोमा मेरो पूरै समस्याको समाधान थियो। उसले मलाई अंगालोमा बाँध्ने बित्तिकै ममा सब बिर्सिएर अगाडि बढ्ने हिम्मत आउँथ्यो।

उसले मलाई दिएको जति समय मैले आफूले आफूलाई कहिले दिएको थिइनँ तर पनि लाग्थ्यो उसले मलाई अझै बढी समय दिएको भए? लाग्थ्यो, उसको अंगालोमा निदाउन पाएको भए? लाग्थ्यो, अँध्यारो अलि ढिला भइदिएको भए? केही समय अझै सँगै हुन्थ्यौँ जस्तो!

मैले उसलाई नबुझी उसको प्रेममा यसरी परेँ कि त्यहाँबाट आफूलाई निकाल्नै सकिनँ। हामी नजिक सम्बन्धमा बसेको महिनौँ भइसकेको थियो तर उसको लागि यो मनमा झन् माया बढ्दै थियो।

म भन्न सक्थेँ कि कोही मलाई माया गर्थ्यो त, मेरो परिवारपछि एउटा उही थियो जो मेरो खुसीमा खुसी हुन्थ्यो। मेरो आँखाको आँसु हेर्ने हिम्मत उसले कहिले गरेन। म झोक्कै बस्दा सबैभन्दा बढी चिन्ता हुन्थ्यो त मेरो आमापछि केवल उसलाई हुन्थ्यो। मैले ऊ एउटा मान्छेमा मेरो परिवारको अनेक रूप भेटेकी थिएँ। लाग्थ्यो, अब जिन्दगी भर कोही हुन्छ त केवल उही हुन्छ मेरो जीवनसाथी।

हाम्रो प्रेम सम्बन्ध यस्तो बलियो थियो कि महिनौँसम्म कहिल्यै झगडै हुन्थेन। म झगडा गर्न खोज्दा ऊ चुप बस्थ्यो। उसले मलाई फकाउन, खुसी बनाउन हद पार गर्थ्यो। उसलाई सताउन मलाई खुब मन पर्थ्यो। उसलाई बेलाबेला दुःख दिई नै रहन्थेँ तर उसले मेरो सबै हरकतहरू सहेर पनि आफ्नो मनमा ठाउँ दिएको थियो।

उसले म भित्रको मलाई चिनेको जस्तो गर्थ्यो। उसले मलाई नजिकबाट बुझेको जस्तो लाग्थ्यो। उसलाई मैले कहिले शब्दमा केही भनिनँ होला, ऊ मेरो आँखामा हेरेर सबै भाव पढ्न सक्थ्यो। ऊसँग दिनभरि घुमेर नि मन भरिएको हुन्थेन। फेरि हामी फेसबुकमा पनि ननिदाइन्जेल कुरा गर्थ्यौँ।

तर उसले मलाई बिहेको प्रस्ताव कहिले राखेको थिएन र मैले पनि। मैले मनभित्र नै उसको अनि मेरो बिहेको कल्पना गरिसकेको थिएँ; ऊ दुलाहा अनि म दुलही भएको।

म उसमा मेरो अधिकार जमाउन चाहन्थेँ। ढुक्कका साथ ऊ मेरो हो भनेर दुनियाँलाई बताउन चाहन्थेँ। उसले पनि सधैँ भन्ने गर्थ्यो- ममाथि तिम्रो अधिकार छ, गाली गर या पिट। तर उसले यो अधिकार भन्ने शब्द शब्दमा मात्र सीमित राखिदियो। न उसलाई मेरो हो भन्न सकेँ न त कुनै अधिकार नै पाउन सकेँ।

तर पनि हामी खुसी छौँ भनेर चित्त बुझाउँदै सम्बन्ध निभाउन थालेँ। मैले उसलाई दुनियाँको अगाडि ऊ मेरो मात्र हो भन्ने अधिकार नपाए पनि जब हामी दुई एक्लै हुन्थ्यौँ तब म केवल उसको अनि ऊ मात्र मेरो हुन्थ्यो।

बिस्तारै म उसको प्रेममा रहेको कुरा मेरो घर-परिवारसम्म पुग्यो र विभिन्न प्रश्नहरू आफ्नो आँखा अगाडि आइरहेका थिए।

हामी फरक समाज अनि फरक संस्कारमा हुर्केको मान्छे। मनमा कुविचार आउनु ठुलो कुरा थिएन। सजिलैसँग कहाँ अपनाउँछन् र मेरो घरकोले उसलाई अनि उसको घरकाले मलाई!

ऊ उमेरमा मभन्दा नौ/दश वर्षले जेठो होला। हाम्रो उमेर नमिल्नुले मलाई फरक परेको थिएन। विचार, स्वभाव,भाषा, जात, संस्कृति नमिल्नाले पनि मलाई केही फरक परेको थिएन। किनकि केवल ऊ मात्र अन्दाज लगाउन सक्थ्यो मैले गर्ने प्रेमको, मेरो ऊप्रतिको पागलपनको।

मैले जति नै प्रेम गरे पनि मान्छेहरूले केही कमीकमजोरी देखाउँछन् नै। त्यस्तै मैले प्रेम गरिरहेको मान्छे मभन्दा दसौँ वर्ष जेठो छ भनेको सुन्दा कुन चाहिँ आमाबुबा तथा दाइ-भाउजूले सिधै स्वीकार गर्लान् र? अझ हाम्रो समाजमा उमेरभन्दा पनि बढी महत्व राख्छ जातभातले। कुन चाहिँ समाजले सिधै स्वीकार गरेको छ र अन्तरजातीय प्रेम?

तर पनि म उसको लागि हरेकसँग लड्न तयार थिएँ। आफ्नै साथीभाइहरूले पनि मलाई उसको विभिन्न त्रुटि देखाउँदै उसका कमजोरी औँल्याउँथे। तर म सबैको अगाडि ऊ मेरो मात्र हो, जे जस्तो छ म उसको हो भन्नलाई कहिले पछि परिनँ।

मैले मेरा धेरैजसो पारिवारिक सदस्यहरूसँग उसको भेट गराइसकेको नै थिएँ। भेट नगराएकाहरूसँग नि आफ्नो सम्बन्धको बारे खुलेरै भन्ने गर्थें। तर उसले मसँग हरेक कुरा लुकाइरहन्थ्यो। ऊ मेरो अगाडि खुब माया देखाउँथ्यो तर जब घरमा हुन्थ्यो, एक चोटि पनि उसको फोन आउँथेन। कहिलेकाहीँ फोन गर्दा सानो बच्चाहरू हुँदा पनि फोन केही नभनी काटी दिन्थ्यो।

उसले आफ्नो परिवारको अगाडि मसँग बोल्न मन नपराउने हो या डराउने हो त्यो उसलाई थाहा होला तर मलाई भने मनमा हलचल भएर आउँथ्यो। मनमा विभिन्न शंकाहरू उब्जिएर आउँथे। मनमा विभिन्न कुराहरू खेल्ने गर्थे। मलाई कस्तो महसुस हुन्छ उसले मेरो फोनलाई केही नभनी काट्दा, उसले कहिले महसुस गरेन।

बिस्तारै बिस्तारै म भित्र भित्रै टुटिरहेको थिएँ। तर मलाई ऊसँग नहुँदा उसको बारे के कति सोच्छु, कुन कुराको डर लागिरहेको हुन्छ भनेर उसलाई भन्ने हिम्मत नै भएन।

❖ बाँकी तेस्रो पृष्ठमा

# निर्यातको तेब्बर बढी कफी आयात

झापा(प्रस) । मुलुकबाट १४ करोड बराबरको कफी निर्यात हुँदा आयात भने झन्डै तेब्बरले बढेको छ । भन्सार विभागको तथ्याङ्क अनुसार आर्थिक वर्ष २०८०/८१ मा १४ करोड ९२ लाख रुपियाँ बराबरको ८९ मेट्रिक टन कफी निर्यात हुँदा बाहिरी मुलुकबाट ४१ करोड ९८ लाख रुपियाँ बराबरको ४४३ मेट्रिक टन कफी आयात भएको छ ।



यस्तै आव २०७९/८० मा १३ करोड चार लाख बराबरको ७७.८६ मेट्रिक टन कफी निर्यात हुँदा ३२ करोड ५८ लाख रुपियाँ बराबरको ४५० मेट्रिक टन आयात भएको थियो । निर्यातको तुलनामा आयात उच्च रहेको छ । कफीको खपत बढ्दै गए पनि आन्तरिक उत्पादनले बजार माग धान्न नसक्दा कफीको उत्पादन बढ्न नसक्दा आयातित कफीले बजार धानिरहेको तथ्याङ्कले देखाएको छ । साथै कफी पारखीले विभिन्न स्वादका कफी प्रयोग गर्ने हुँदा पनि आयात बढ्दै गएको देखिन्छ । राष्ट्रिय चिया तथा कफी विकास बोर्डका अनुसार मुलुकभर चार हजार ३०९ हेक्टर क्षेत्रफलमा कफी खेती भई वार्षिक ५०१.३ मेट्रिक टन ग्रिनविन कफी उत्पादन हुने गरेको छ । ६५४ हेक्टरमा नयाँ रोपण भएको छ । मुलुकमा उत्पादित कफीको १७ प्रतिशत विदेशमा निर्यात हुने गरेको र बाँकी आन्तरिक बजारमा खपत हुने गरेको बोर्डको तथ्याङ्क छ ।

नेपाली कफीले अन्तर्राष्ट्रिय बजारमा स्वाद र गुणस्तरको हिसाबले अन्य राष्ट्रको भन्दा बढी मूल्य प्राप्त गर्दै आएको छ । नेपाली कफी निर्यात गर्दा व्यवसायीले सरदर प्रतिकेजी १६ अमेरिकी डलर प्राप्त गर्दै आएका छन् ।
अन्तर्राष्ट्रिय कफी सङ्गठनको विशेष सहयोगमा बोर्डले सञ्चालन गरेको अनुगमन/निरीक्षणबाट पनि आन्तरिक बजारमा प्रत्येक वर्ष न्यूनतम दुई हजार दुई सय मेट्रिक टनभन्दा बढी कफी खपत भइरहेको र दिन प्रतिदिन माग पनि उच्च देखिएको छ ।

बोर्डको तथ्याङ्क अनुसार पछिल्लो पाँच वर्षमा कफी खेतीको क्षेत्रफल र उत्पादन दुवै बढ्दै गएको छ । बोर्डका अनुसार आव २०८०/८१ मा चार हजार ३०९ हेक्टर क्षेत्रफलमा ५०१.३ मेट्रिक टन, आव २०७९/८० मा तीन हजार ६५५ हेक्टर क्षेत्रफलमा ३९४.४ मेट्रिक टन, आव २०७८/७९ मा तीन हजार ३४३ हेक्टर क्षेत्रफलमा ३५४.९ मेट्रिक टन, आव २०७७/७८ मा तीन हजार ५२ हेक्टर क्षेत्रफलमा ३१४.५ मेट्रिक टन कफी उत्पादन भएको थियो ।

# उच्च मूल्यको हवाई टिकट बन्द



झापा(प्रस) । निजी क्षेत्रको लगानीमा सञ्चालित हिमालय एयरलाइन्सले उच्च मूल्यको हवाई टिकट बन्द गरेको छ । अन्तर्राष्ट्रिय उडानतर्फ हवाई टिकटको मूल्य बढेको जनगुनासो बढेपछि कम्पनीले 'वाई' क्लासको हवाई टिकट बिक्री बन्द गरेको हो । वाई क्लास भाडा नर्मल इकोनमी क्लासको उच्चतम श्रेणीको भाडादर हो ।
हिमालयले संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयको निर्देशन र नेपालमा सञ्चालनमा रहेका सबै अन्तर्राष्ट्रिय एयरलाइन्सको सहमतिमा सबै ग्रुप टिबिए बुकिङ निलम्बन गरेको, सबै ट्राभल एजेन्टलाई न्यूनतम लाभ मार्जिनमा मात्र टिकट बिक्री गर्न सूचित गर्दै आएको प्रस्ट पारेको छ । कम्पनीले आफ्नो सिट क्षमताको परिधिमा रहेर भाडादर कायम गरेको जनाउँदै टिकटमा कालोबजारी रोक्न सबै ट्राभल एजेन्टलाई लगातार खबरदारी गर्दै आएको जनाइएको छ ।
पर्यटन मन्त्रालयले न्यूनतम दरमा मात्रै हवाई कम्पनीलाई टिकट बेच्न आग्रह गर्दै आएको छ । हिमालयले सिट वर्गीकरण अनुसार न्यूनतम टिकटको मूल्य, वर्तमान टिकटको मूल्य, 'सरचार्ज' र यात्रुलाई दिएको टिकटको मूल्य विवरण मन्त्रालयमा बुझाइसकेको छ ।

# बालबालिकालाई डिजिटल साक्षरता दिँदै टिकटक

झापा(प्रस) । सामाजिक सञ्जाल टिकटकले कोशी बागमती, र गण्डकी प्रदेशका सात जिल्लाका १४ स्कुलका बालबालिकालाई लक्षित गरेर डिजिटल साक्षरता चलाउन थालेको छ । सरकारसँग टिकटकको सम्झौतापछि 'चाइल्ड सेफ नेट' संस्थाले फेसबुक, टिकटक, एक्स, इन्स्टाग्राम, भाइबर, ह्वाट्सएपलगायत सामाजिक सञ्जाल सचेतना तालिम दिन थालेको हो ।
सरकारले टिकटकलाई डिजिटल सुरक्षा, डिजिटल साक्षरता र सार्वजनिक शिक्षाका क्षेत्रमा सहयोग गर्नुपर्ने सर्त राखेको थियो । उक्त सर्त मान्न टिकटक तयार भएपछि एक वर्षअगाडि टिकटकमाथि



लगाइएको प्रतिबन्ध गत भदौ ६ गते हटाइएको थियो । सोही सम्झौताबमोजिम टिकटकसँगको सहकार्यमा ललितपुरमा १५ विद्यालयका ४० जनालाई डिजिटल साक्षरता तालिम तथा कार्यशाला चलाएको 'चाइल्ड सेफ नेट' का अध्यक्षले अनिल रघुवंशीले जानकारी दिए । उनका अनुसार टिकटकसँग सम्झौता भएकाले सात जिल्लाका बालबालिकालाई लक्षित गरेर डिजिटल साक्षरता सन् २०२५ डिसेम्बरसम्म सञ्चालन गरिने छ ।
" कोशीका सुनसरी र मोरङ बागमतीका काठमाडौं, ललितपुर, भक्तपुर, गण्डकीका तनहुँ र कास्की, जिल्लाका विद्यालयका बालबालिका, अभिभावक र शिक्षकलाई डिजिटल साक्षरताका बारेमा तालिम दिइने छ," उनले भने, "सबैभन्दा बढी जनसंख्या र सामाजिक सञ्जाल प्रयोगकर्ताको संख्यालाई आधार बनाएर जिल्ला छनोट गरिएको छ । यो 'पाइलट प्रोजेक्ट' का रूपमा सात जिल्लामा तत्काल चलाइने छ ।" रघुवंशीले सामाजिक सञ्जालको दुरुपयोगले यौन शोषण, घृणायुक्त अभिव्यक्ति, बालविवाह, बालबालिका

❖ बाँकी अन्तिम पृष्ठमा

# एनआरएनलाई धितोपत्र बजारमा प्रवेश सहज




झापा(प्रस) । गैरआवासीय नेपाली (एनआरएन) लाई धितोपत्र बजारमा औपचारिक रूपमा प्रवेश गराउने उद्देश्यसहित धितोपत्र निष्कासन तथा बाँडफाँट (आठौँ संशोधन) निर्देशिका, २०८१ जारी भएको छ । नेपाल धितोपत्र बोर्डले उक्त निर्देशिका जारी गरेको हो । संशोधनपछि सेयर बजारमा गैरआवासीय नेपालीलाई लगानी गर्ने बाटो खुल्ने भएको छ ।
पुँजी बजारमा एनआरएनको लगानी भित्र्याउन सेयर निष्कासन तथा कारोबारसम्बन्धी विशेष व्यवस्था गर्न बोर्डले संयुक्त लगानीको इन्भेस्टमेन्ट कम्पनीको सेयर निष्कासन तथा कारोबारसम्बन्धी विशेष व्यवस्था गर्दै बोर्डले निर्देशिका जारी गरेको हो । निर्देशिका अनुसार संयुक्त लगानीको इन्भेस्टमेन्ट कम्पनी भन्नाले नेपाल सरकार र गैरआवासीय नेपालीको संयुक्त लगानीको इन्भेस्टमेन्ट कम्पनी हुने छन् । यस्ता कम्पनीले सेयर जारी गर्न चाहेमा ऐन, नियमावली तथा परिच्छेदबमोजिमको प्रक्रिया पूरा गरी सेयर निष्कासन गर्न सक्ने व्यवस्था छ ।
निर्देशिकामा संयुक्त लगानीको इन्भेस्टमेन्ट कम्पनीले सेयर निष्कासन गर्दा जारी पुँजीको १० प्रतिशतभन्दा कम र ४९ प्रतिशतभन्दा बढी नहुने गरी गैरआवासीय नेपालीका लागि मात्र सेयरको निष्कासन गर्नुपर्ने व्यवस्था गरेको छ ।
संयुक्त लगानीको इन्भेस्टमेन्ट कम्पनीले निष्कासन गर्ने सेयरको दरखास्त खुला रहने अवधि कम्तीमा चार कार्य दिन हुने छ । निष्कासन गरिएको सबै सेयर बिक्री नभएमा कम्पनीले त्यस्तो दरखास्त खुला भएको मितिले बढीमा १५ दिनका लागि सेयरको दरखास्त खुला राख्न सक्ने छ र सोको जानकारी बोर्डलाई दिनुपर्ने व्यवस्था निर्देशिकामा छ ।
यस्ता कम्पनीले निष्कासन गर्ने सेयरमा दरखास्त दिन सकिने न्यूनतम सीमा एक हजार कित्ता र अधिकतम सोको गुणाङ्कमा हुने गरी व्यवस्था गर्नुपर्ने छ । सेयर खरिदको लागि दरखास्त आह्वान गर्दा प्रतिसेयर अङ्कित मूल्यको शतप्रतिशत बराबरको रकम दरखास्त साथ माग गर्नुपर्ने निर्देशिकामा उल्लेख छ ।

## दुई...

जब उसलाई भेट्छु तब सबै कुरा सुनाउँछु लाग्थ्यो। एकान्तमा एक्लै-एक्लै ऊसँग आफ्ना मनका कुरा गरिरहन्थेँ तर जब भेट हुन्थ्यो, उसलाई ती शंका उब्जेका कुराहरू सुनाउन नपाउँदै उसले मलाई अंगालोमा लिन्थ्यो र मेरो हात आफ्नो छातीमा टाँस्थ्यो। म सबै कुरा बिर्सेर उसको बढिरहेको मुटुको धड्कनलाई मेरो लागि मात्र महसुस गर्थें। शंका आफै हटेर जान्थ्यो। म उसलाई यति हदसम्म माया गर्न सक्छु भनेर कहिले सोचिनँ।

चाडपर्वहरू नजिकिँदै थिए, उसको घरमा व्यस्तता तैपनि मलाई बेलाबेला सम्झिरहन्थ्यो। ऊसँग एक दिन राम्रोसँग कुरा नहुँदा महिनौं कुरा भएन जस्तो लाग्थ्यो। उसको दिनमा एक चोटि पनि अनुहार देखिनँ भने दिन नै न्याम्रो लाग्थ्यो। यी आँखा अनि यो मन उसको प्रतीक्षामा हुन्थे।

सधैँ उसलाई शंकाको दृष्टिले हेर्ने मेरा साथीभाइहरू मलाई विभिन्न शंका मनमा उब्जाउँथे। तर त्यो दिन मैले आफ्नो शंका मनबाट हटाउन ऊसँग सानोतिनो झुट बोल्न सफल भएँ र उसले सजिलै विश्वास पनि गऱ्यो। उसले मलाई जस्तोसुकै परिस्थितिमा साथ दिएर अपनाउँछ कि मर्नलाई छोड्छ भनेको निर्णयले साँच्चिकै मलाई मर्न बाध्य पाऱ्यो।

जब सुनेँ कि मसँग उसले भविष्य देखेको छैन तब छाँगाबाट खसे झैँ भएँ। उसले भन्दै थियो आफ्नो परिवारको इज्जत अनि आफ्नो भविष्य बिग्रिने कुरा।

मैले उसलाई केही भन्न सकिनँ, फोन काटिदिएँ। केही दिन आफूलाई बन्द कोठाभित्र थुनेर फेरि म त्यो अँध्यारोबाट बाहिर निस्किँदै गएँ।

मैले त्यो दिन महसुस गरेँ, मैले पो आमाबुबा भाइबहिनी बाहेक अरूलाई परिवार मान्दिनँ तर उसको त परिवार छ, इज्जत छ, समाजमा रहनु छ। उसले त आफन्त देखेको छ। तर एउटा म; परिवार, समाज, आफन्त जे भने नि आमा-बुबा, दाइ र बहिनी।

उसको दुनियाँ अनि मेरो दुनियाँ एकदम फरक। आमा-बुबा बाहेक नजिकबाट कसैलाई नदेखेको मैले कसरी जान्नु के कारण मान्छेले औँला उठाउँछन् भन्ने। सायद उसले देखेको समाज, उसले भोगेको अनुभव सायद मैले भोगिनँ होला र मलाई ऊ मेरो मात्र हो भन्न कुनै डर पनि थिएन। म केवल उसको भएर मात्र बाँच्न चाहन्थेँ जुन उसलाई राम्रोसँग थाहा छ।

उसको एउटा होइन हजारौँ गल्ती सानो हुन या ठुलो यही प्रेमको कारण माफ गरेकी थिएँ। यो पटक उसलाई माफी दिने मन त थिएन तर उसको ठाउँमा रहेर सोच्दा ऊ पनि सही थियो। तर उसले सायद जस्तोसुकै परिस्थितिमा पनि साथ दिन्छ भन्ने मेरो ऊप्रतिको झुट विश्वासले म फेरि एक चोटि मरिसकेको थिएँ।

यथार्थ थाहा पाएपछि फेरि मलाई फकाउन हर प्रयास गर्थ्यो ऊ तर मैले माफी दिन सकिनँ। तर जब ऊ फेरि मेरो नजिक आयो र बोल्न नपाई मलाई आफ्नो छातीमा टाँसेर मुटुको धड्कन महसुस गर्न लगायो तब फेरि एक चोटि मैले उसलाई सबै बिर्सेर माफ गरिदिएँ।

कुनै दिन उसले मलाई साँचो प्रेम गर्न सिकाएको थियो। उसले मलाई फेरि विश्वास गर्न सिकाएको थियो। आशा थियो ऊ सधैँ मेरै भएर आउँछ। चाहना थियो उसले बिहेको प्रस्ताव राखोस्! तर अजनबी बनेर आयो र प्रेम प्रस्ताव राखिदियो! मन जितेको छ यो प्रेमले, तर समयले सिन्दुर मागिरहेको छ।

आमाबुबासँग हुँदा उसलाई बिर्सेर आमाबुबाको खुसीअनुसार जे पनि गर्छु जस्तो लाग्थ्यो तर जुन दिन ऊसँग हुन्थेँ, त्यो दिन आमाबुबालाई त्याग्न परे नि पछि हट्दिनँ सोच्थेँ। त्यति बेला मैले महसुस गरेँ, ऊ अनि मेरो बाबुआमा यति फरक छ। बा आमासँग हुँदा मलाई उसको याद आउँदैन र ऊसँग हुँदा मलाई बा आमाको याद आउँदैन।

बस् यति जरुरी रहेछ, मलाई मेरो बाउआमा र उसको साथ। तुलना गर्न सक्दिनँ म, बाउआमा र उसको।

कुनै दिन उसको कारण मेरो मन दुख्दा म उसको अँगालोमा उसलाई गुमाउने डरले धरधरी रोएकी थिएँ। उसले भन्थ्यो- त्यति सस्तो नबनाऊ रोएर आँसुलाई। तर उसलाई के थाहा; आँसु सस्तो हैन नि, ऊप्रतिको मेरो प्रेम महँगो हो। नत्र जो पायो त्यहीको लागि बगाइदिने त्यति कमजोर पनि त थिइनँ म।

आमाबुबाको लागि नझरेको आँसु उसको लागि बारबार झरेको थियो तर उसले मेरो आँसुलाई मात्र होइन मेरो प्रेम, विश्वास अनि म आफैलाई मजाक बनाइदियो।

ऊ छन् त मेरो जीवनमा अझै निर्जीव वस्तु झैँ बसिरहेको छ। ऊ जान मान्दैन मेरो जिन्दगीदेखि। ऊ स्थिर छ मेरो मनमा। म उसलाई मात्र प्रेम गर्छु भन्ने भान छ उसको मनमा। म उसको लागि मर्न तयार छु भन्ने थाहा छ तर उसलाई आफ्नो मनमा के छ भन्ने अझै थाहा छैन।

जब उसलाई आफ्नो आँखा अगाडि देख्दा देख्दै प्रेम गरेँ, तब पनि उसको उमेरले मलाई फरक परेको थिएन। तर आज आएर मलाई फरक परिरहेको छ। उसको मेरो विचार मिल्दैन। उसले आफूलाई हरेक कुरामा परिपक्व ठान्छ अनि मेरो कुराको के महत्त्व!

ऊ सँगै हुँदा कोही ऊ दुई जनाको अगाडि पनि मेरो हात समाउन सक्दैन। तर एउटा केटी मान्छे जहिले पनि आफ्नो साथीबाट एउटै आशा राख्छ, उसले एकान्तमा हैन सबैको अगाडि आफ्नो हात समाएर ऊ मेरो मात्र हो भन्न सकोस्, सँगै हिँड्न सिकाओस्, बुबाले जस्तो रक्षा गर्न सकोस्। त्यस्तै मलाई भिडमा नि ऊ मेरो साथ छ जस्तो लागोस्। सायद हामी एउटै उमेरको भए यो समस्या पक्कै आउँथेन होला!

त्यसैले म अब यो सम्बन्धबाट बिदा लिन चाहन्छु। प्रिय मलाई गलत नसोच। प्रेम त फेरि होला नहोला तर मलाई हात समाएर दुनियाँको अघि ऊ मेरो मात्र हो भन्न हिचकिचाहट नमान्ने जीवनसाथी चाहिएको हो।

ऊ सधैँ भन्थ्यो- म त तिम्रो आफ्नो मान्छे। उसले सधैँ मलाई प्रेम गरिरहने छ, म उसको जीवनमा भए पनि नभए पनि। अब म उसलाई कसरी सम्झाऊँ कि, म उसको प्रेमिका मात्र भएर यो जीवन पार गर्न सक्दिनँ। एकातिर मङ्सिर महिना अनि विवाहको उमेर पुगेकी जवान छोरीको कन्यादान गरिदिने बाबाआमाको सपना! उहाँहरूको त्यो महत्वपूर्ण जिम्मेवारी अनि सपना, म कसैको प्रेमी मात्र भएर पनि त बरबाद गर्न सक्दिनँ।

मैले उसलाई गर्ने अथाह प्रेम मनबाट हटाउन पनि गाह्रो भइरहेको छ। सोच्छु, पहिलो सास आमाको अंगालोमा थियो, अन्तिम सास उसको अंगालोमा होस्। तर फेरि सोच्छु, के प्रेममा सिन्दुर जरुरी छ र?

सिन्दूरभन्दा पनि माथिको हुन्छन् कुनै सम्बन्धहरू। तर मलाई फेरि कृष्णको राधा अनि रुक्मिणी जस्तो बन्नु पनि त छैन। एउटातिर सिन्दुर अनि अर्कोतिर प्रेम, दुइटै चाहिएको छ। त्यो नि एउटै व्यक्तिको तर उसले मेरा मनका भाव बुझ्छ होला त?

कति भाग्यमानी हुँदा हुन् ती प्रेमिकाहरू जसले आफ्नो प्रेमीबाट उपहार स्वरूप सिन्दुर पाएका छन्!

हुन् त हामी दुइटैलाई बानी परिसक्यो, एक अर्कोलाई नभेटी, कुरा नगरी बस्न सक्ने। कुनै महिनाहरू थिए, हामी एक अर्काको अनुहार नहेरी बस्नै सक्दैन थियौँ। तर अझै पनि मलाई उसको बानी छुटेको छैन। म उसको बोली सुन्न तड्पिन्छु। उसको एक झलक पाउन दिनभरि इन्तजार गर्छु। तर जब अँध्यारो हुन्छ तब त्यो आस पनि उज्यालोसँगै हराएर जान्छ।

खुसी पनि लाग्यो, अचेल ऊ समयअनुसार चल्ने भएछ र मलाई दिन पाँच मिनट हुँदैन। कुनै बेला थियो उसले समय निकालेर पनि मलाई पूरा समय दिइरहन्थ्यो।

म भन्न सक्छु, प्रेममा मैले ज्यान त दिइनँ तर प्रेम गरेर बाँचिरहेकी छु पनि भन्न सक्दिनँ! उसलाई पहिला जस्तो प्रेम त गर्दिनँ तर घृणा गर्न पनि सकेकी छैन। उसलाई पहिले जस्तो याद त गर्दिनँ तर ऊसँग गुनासो धेरै छ। उसलाई माफ गरे जस्तो पक्कै गरेँ होला तर म उसलाई माफ गर्न कदापि सक्दिनँ। ऊ मेरो अन्तिम विश्वास अनि मेरो साँचो प्रेमको हत्यारा हो। उसले मेरो अगाडि हाँसी हाँसी मलाई लुट्यो भन्दा पनि फरक पर्दैन।

प्रिय पात्र ऊसँग गुनासो अझ पनि केही पोख्न सक्दिनँ। सायद ऊ अझै मेरो नजिक आयो भने म आफूलाई रोक्न सक्दिनँ। यो उसले भन्दा राम्ररी कसले बुझेको छ र? उसले मेरो यही कुराको फाइदा पटक पटक उठाएको छ भन्दा पनि फरक पर्दैन।

तर प्रिय पात्र अब तिमी मेरो नजिक नपर्नू!

भयो नगरौँ गालीगलौज एक अर्कालाई

तिमी स्विकारी देऊ कि तिमी गलत छौ यो पटक

र तिमी आफ्नो बाटो अनि मलाई आफ्नो बाटो लाग्न देऊ!

थाहा छ गाह्रो तिमी र म दुइटैलाई हुन्छ तर जिन्दगीभर जीवनलाई गाह्रो बनाउनुभन्दा आज नै सरल बनाइदिऊँ।

म यो सम्बन्धको सम्मान गर्दै तिमीबाट टाढा हुन चाहन्छु। मलाई बिदा देऊ प्रिय, म जिन्दगीलाई जटिल बनाउन सक्दिनँ। तिम्रो प्रेमिका बन्दा नपाएको खुसी सायद कसैले दिएको दुई चिम्टी सिन्दूरले दिन्छ कि?


## वर्गीकृत विज्ञापन संकलन केन्द्रहरू :

चन्द्रगढी, भद्रपुर
लोकबहादुर कुँवर : ९८४२६८३९९६
द्रोण अधिकारी : ९८४२६२८७९१

दमक
विष्णु सुब्बा : ९८५२६७०१३७
देविबहादुर बस्नेत : ९८१७९२४६२१

मेचीनगर
चारआली : ९८४२७०३०१३
गोबिन्द घिमिरे :
९८१५९५०१५०

उर्लाबारी
रुपेन्द्र शेर्मा : ९८४२०९२४०६
विराटनगर
क्रिएटिभ आई: ०२१-५२५६१०

इलाम, मंगलबारे
रणवीर लिम्बू
९८१६९८४७५७

काकँरभिट्टा
फ्रेन्डसिप पुस्तक पसल
०२३-५६२४२४

झापा बजार
बरत राजवंशी
९८१७०४९००१


## आजको राशिफल

मेष: सहयोगी हातहरू अघि बढ्नेछन् । आफन्तको प्रगतिमा मन रमाउनेछ ।
वृष: रोजगारको अवसर मिल्नेछ । राजनैतिक कार्यमा सफलता मिल्नेछ ।
मिथुन: छोटो दुरीको लाभदायक यात्रा रहला । वैदेशिक कार्य अघि बढ्नेछ ।
कर्कट: आज नसोचेको ठाउँबाट धन हात पर्नेछ । धार्मिक तथा समाजसेवामा मन लाग्नेछ ।
सिंह: प्रेममा मनमुटावका साथै मन कमजोर रहनेछ । यात्रामा मालसामान हराउन सक्छ ।
कन्या: महिला वा मित्रबाट विशेष सहयोग मिल्नेछ । शैक्षिक क्षेत्रमा सफलता मिल्नेछ ।
तुला: आजको दिन उत्साहपूर्ण रहनेछ । विद्या र बुद्धिको विकास हुनेछ ।
वृश्चिक: आज भाग्योदय हुनेछ । धर्म, कर्म तथा समाज सेवामा मन लाग्नेछ ।
धनु: आज यात्रामा मालसामान हराउन सक्छ । सौन्दर्यतामा धन खर्च पनि हुनेछ ।
मकर: मित्र वा आफन्तको सहयोग मिल्नेछ । बौद्धिकताको विकास हुनेछ ।
कुम्भ: आफ्नै दक्षतामा विभिन्न कार्यहरू सम्पन्न हुनेछन् । व्यवसायबाट लाभ मिल्नेछ ।
मिन: व्यापार व्यवसाय सामान्य होला । पुर्नमिलनको योग पनि रहेको छ ।